**प्रस्तावः मिति २०७७/०३/१९ गते शुक्रबार, ८६ औ कार्यपालिका बैठक**

१. IEE स्वीकृत सम्वन्धमा
२. स्वास्थ्य संस्था नविकरण तथा दर्ता सम्वन्धमा
३. गरिब घरधुरी पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सम्वन्धमा
४. शवदाह स्थलमा चौकीदारको पारिश्रमिक सम्वन्धमा
५. विपद व्यवस्थापन सम्वन्धमा
६. सामुदायिक संस्थाहरुको घुम्तीकोष सम्वन्धमा
७. बालमन्दिर आधारभुत विद्यालयको भवन निर्माण स्वीकृति सम्वन्धमा
८. सडक मर्मत सम्वन्धमा
९. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुबिधा सम्वन्धमा
१०. आर्थिक सहयोग सम्वन्धमा
११. स्वास्थ्य लाभको कामना सम्वन्धमा
१२. श्रद्धाञ्जली सम्वन्धमा

**निर्णय नं.१ः**

घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित गुरुवा गाउँमा बायो ग्यास प्लान्ट निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन घोराही उपमहानगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण वा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधि, २०७७ को दफा १० बमोजिम स्वीकृत गर्ने ।

**<u>निर्णय नं. २ः</u>**

घोराही उपमहानगरपालिकामा रहेका निजि स्वास्थ्य क्लिनिकहरु "स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्वन्धी निर्देशिका, २०७६" बमोजिम नवीकरण तथा दर्ता गर्नुपर्ने भएकाले दर्ता तथा नविकरणका लागि आवेदन गरेका तपसिल बमोजिमका स्वास्थ्य क्लिनिकहरुलाई नियामानुसार तिर्नु, बुझाउनु पर्ने कर, शुल्क बुझाएको एकिन गरी नविकरण गर्न अनुमति दिने ।

**<u>तपशिलः</u>**

१. श्री ग्लोबल डाइग्नेस्टिक सेन्टर घोराही -१५
२. श्री बि. एण्ड बी डेन्टल घोराही-१५
३. श्री सिर्जना फार्मेसी घोराही -१४
४. श्री पाण्डे मेडिकल घोराही-१४
५. श्री शिव मेडिकल घोराही - १४
६. श्री विश्वास मेडिकल घोराही - १५
७. श्री बि आर डेन्टल घोराही-१५
८. श्री डिनोभा डेन्टल घोराही -१५

**<u>निर्णय नं. ३ः</u>**

गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालनका लागि घोराही उपमहानगरपालिकामा तथ्यांक संकलन कार्यका लागि गणक तथा सुपरिवेक्षकलाई ५ महिनाको लागि करारमा लिइ काम भएकोले निजहरुले पाउने गरिब पहिचान तथा परिचयपत्र वितरण निर्देशिकामा तोकिएको दरमा ५ महिनाको तलब, ५ महिनाको संचार खर्च र सुपरिवेक्षकले प्रमाणित गरेको दिनको भ्रमण खर्च भुक्तानी दिने ।

**निर्णय नं. ४ः**

घोराही उपमहानगरपालिकाको वडा नं. १८ शव दाह व्यवस्थापन समिति कटुवाखोला, दाङको मिति २०७७/०३/१८ च.नं. १७ को पत्रानुसार शवदाहस्थलमा रहेको भौतिक संरचना तथा सम्पत्ति सामानहरुको संरक्षण र सम्वर्द्धनको व्यवस्थापन गर्न १ जना सहयोगी कार्यरत भएको र सहयोगीको पारिश्रमिक घोराही उपमहानगरपालिकाले व्यवस्थापन गर्दै आएको हुँदा आ.व. २०७६/०७७मा समेत शव दाह रेखदेख तथा व्यवस्थापन गरे बापत मासिक रु. ७५००।- को दरले २०७६ साउन देखि लागु हुने गरि पारिश्रमिक उपलब्ध गराउने ।

**निर्णय नं. ५ः**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/०३/०९, २०७७/०३/११ र २०७७/०३/१६ गतेका तपशिल बमोजिमका निर्णय अनुमोदन गर्ने ।

५.१ः घोराही उपमहानगरपालिका वडा नं. ४ को च.नं. २२४२ मिति २०७७/०३/०७ को पत्रानुसार घोराही -४ निवासी श्री गिरिराज कुँवरलाई वासको व्यवस्थागर्ने प्रयोजनका लागि घर छाउन ५ (पांच) बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

५.२ः घोराही उपमहानगरपालिका वडा नं. ४ को च.नं. २२६९ मिति २०७७/०३/१० को पत्रानुसार वर्षातको पानीले घरको छानो भत्किएर प्रभावित श्री गीता रोका मगरलाई घर छाउनको लागि ५ (पांच) बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

५.३ः घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. ९०५ मिति २०७७/०२/०६ को पत्रा तथा संलग्न प्राविधिक मुल्यांकन एवं विल अनुसार क्वारेन्टाइन स्थल पुग्न तथा वडामा अन्यन्त्र आवतजावत गर्न बाटो मर्मत गरे बापतको खर्च रु. १९,९९९। - वडा नं. १को वडास्तरीय कोरोना संरक्षण रोकथाम तथा नियन्त्रणको संशोधित बजेटबाट भुक्तानी दिने ।

५.४ः घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. ९८२ मिति २०७७/०३/११ को पत्रानुसार वर्षातको कारणले क्षति पुगेर प्रभावित श्री विना घर्तीलाई वडा कार्यालय मार्फत ५(पाँच) बन्डल जस्तापाता उपलब्ध गराइएको हुँदा उक्त जस्तापाता खरिद वापतको रकम संलग्न विल बमोजिम स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

५.६ : घोराही उपमहानगरपालिका वडा नं. १४ को च.नं. २१३३ मिति २०७७/०३/११ को पत्रानुसार घरको छानो फेर्नुपर्ने अवस्थामा रहेको तथा आर्थिक अवस्था कमजोर भएकी श्री कमला पुनले छानो फेर्न २ बन्डल जस्तापाता आफै खरिद गरेको र अपुग ३ बन्डल जस्तापाता राहत स्वरूप स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

५.७: घोराही उपमहानगरपालिका वडा नं. ६ को च.नं. १३७३ मिति २०७७/०३/१० को पत्रानुसार वडा नं. ६ स्थित जजरागाउँ खेतर्वा कुलो मर्मतको लागि थप तारजाली र ढुंगाको व्यवस्थापन गर्न प्राविधिक मुल्यांकन अनुसार रु. १०००००। - (एक लाख) सम्मको रकम राहत वापत स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

५.८: घोराही उपमहानगरपालिका वडा नं. ७ को कनरिया निवासी श्री कङग्रेज्वा चौधरीको आर्थिक अवस्था एवं शारीरिक अवस्था कमजोर भएको तथा घरको छानो फेर्न सक्ने अवस्था समेत नभएको भन्ने वडा कार्यालयको सिफारिस पत्रानुसार निजको घरमा लगाइएको १२ फुटको ४४ पाता जस्तापाताको रकम  स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

५.९: घोराही उपमहानगरपालिका वडा नं. ४ को च.नं. २२९४, २२९५ र २२९६ मिति २०७७/०३/१४ को सिफारिस पत्रानुसार देहायका व्यक्तिहरुको घरको छानो वर्षातको पानीले भत्काएको हुँदा प्रति परिवार बढीमा ५ (पांच) बन्डल जस्तापाता राहत स्वरूप स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

तपशिलः

१. घोराही-४, आदर्श टोल निवासी श्री जीवे कामी

२. घोराही-४, आदर्श टोल निवासी श्री सुनिता वि.क

३. घोराही -४, आदर्श टोल निवासी श्री मुक्तिराम सुनार

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिकामा संचालित गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरुको यस कार्यालयमा प्राप्त सामुदायिक संस्थाहरुद्वारा गरिएको आर्थिक कारोवार समेतको विस्तृत विद्यमान अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्न तपशिल बमोजिम समिति गठन गर्ने ।

**तपशिलः**

सामाजिक तथा क्षमता विकास समिति संयोजक, खोपिराम चौधरीः संयोजक

कार्यपालिका सदस्य, माया रावत : सदस्य

लोकमणि शर्मा : सदस्य

प्रेम बहादुर के.सी.: सदस्य

होमलाल भुसाल : सदस्य सचिव

**निर्णय नं. ७:**

घोराही उपमहानगरपालिका वडा नं. १४ को मिति २०७७/०३/१९, च.नं. २२०० को प्राप्त पत्र तथा विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि सहित घोराही उपमहानगरपालिका वडा नं. १४ मा अवस्थित बालमन्दिर आधारभूत विद्यालयको विशेष शिक्षा आवासीय भवन निर्माणका लागि अनुमति माग भई आएको । विद्यालयले अनुमति माग गरेको जग्गाको जग्गाधनी प्रमाणपुर्जा विद्यालयको नाममा हालसम्म प्राप्त हुन नसकेता पनि उपर्युक्त जग्गा विद्यालयले वि.सं. २०३० साल देखि भोग चलन गर्दै आएको र भवन निर्माणका लागि डिपिआर समेत तयार भै सकेकोले भोगचलन गरेको आधारमा भवन निर्माण गर्न अनुमति दिने ।

**निर्णय नं. ८ः**

घोराही उपमहानगरपालिका वडा नं. १९ को मिति २०७७/०३/१६, चनं. ६७३ को प्राप्त पत्रानुसार घोराही उपमहानगरपालिका वडा नं. १९ स्थित घोराही कटुवाखोला पलासे सैघा वडा कार्यालय सडक खण्डमा करिब १२ देखि १५ स्थानमा पहिरोले एवं दुइखोली, पेदी राम्चे सैघा सडक खण्डमा करिब ८ देखि १० स्थानमा पहिरो तथा ढिस्कोले सडक अवरोध गरि आवतजावतमा कठिनाइ भएको हुँदा १९ नं. वडा कार्यालय सैघा जोड्ने मुख्य सडकहरु वडा कार्यालयबाट सडक मर्मत सम्भारका लागि विनियोजित भएको रकमबाट खर्च हुने गरी ल.ई अनुसार मर्मत गर्ने । यस बाट नपुग हुने रकम विपद व्यवस्थापन कोषबाट खर्च गर्ने ।

**निर्णय नं. ९:**

घोराही उपमहानगरपालिकाको सातौं सभाबाट पारित प्रदेश सरकारले पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्वन्धी ऐन, २०७६ बमोजिम पाउने सेवा सुबिधाबाट घोराही उपमहानगरपालिकाका सम्पूर्ण पदाधिकारीज्युहरुको १ महिनाको सेवा सुबिधा प्रकोप व्यवस्थापन कोष खातामा जम्मा गर्ने ।

**निर्णय नं. १०**

आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. २९५१, मिति २०७६/१०/१७ गतेको पत्रानुसार र मिति २०७६/१०/१७ को माननीय मन्त्रिस्तरको निर्णयानुसार दाङ जिल्लाको बेलझुण्डीमा भएको प्रदेश एक्स्पोमा अतिथिहरुको बसोबास र खाना खाजाको व्यवस्थापनको लागि रु.४९८४३१|७० (अक्षरुपि चार लाख अन्ठानब्बे हजार चार सय एकतीस रुपैया मात्र) बिल भरपाई सहित आर्थिक सहयोग माग भै आएको हुँदा विविध शिर्षकबाट आर्थिक सहयोग दिने।

**निर्णय नं. ११ः**

घोराही उपमहानगरपालिका वडा नं. १३ का वडा अध्यक्ष श्री रविलाल घर्ती मोटरसाइकल दुर्घटनामा परी घाइते भएको हुँदा उहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

**निर्णय नं. १२ः**

घोराही उपमहानगरपालिकाका कर्मचारी श्री प्रेम बहादुर वलीका बुवा तुलसीपुर वडा नं. १८ निवासी श्री दिप बहादुर वलीज्यूको ७८ वर्षको उमेरमा यही मिति २०७७/०३/०८ गतेका दिन आसामयिक स्वर्गारोहण भएको खबरले घोराही उपमहानगर परिवारलाई अत्यन्त दुखी तुल्याएको छ। यस दुःखद घडीमा स्वर्गवासी आत्माको चिर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक संवेदनाका साथ शोक प्रस्ताव पारित गर्ने ।